पोखरा उपत्यका साइडसिन घुम्न जाउँ
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन २८ गते बुधबार ❑ 12 March. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## गण्डकी प्रदेश सरकारको २८ प्रतिशत खर्च

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन

गण्डकी प्रदेश सरकारले चालु आर्थिक बर्ष २०८१/०८२ को करिब ८ महिनामा २८ प्रतिशत मात्र बजेट खर्च गर्न सफल भएको छ।

गण्डकी प्रदेशको प्रदेश लेखा नियन्त्रक कार्यालयले दिएको तथ्याङ्क अनुसार यही फागुन २६ गतेसम्म गण्डकी प्रदेशमा करिब २८.१४ प्रतिशत मात्र बजेट खर्च भएको छ।

गण्डकी प्रदेश सरकारले आर्थिक बर्ष २०८१/०८२ को लागि ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजारको बजेट विनियोजन गरे पनि करिब ८ महिनामा २८ प्रतिशतले ९ अर्ब २८ करोड २९ लाख ३४ हजार ४ सय ६७ रुपैया खर्च गर्न सफल भएको कार्यालयले जनाएको छ।

जसमध्ये चालु तर्फ ३१.१२ र पुंजिगत तर्फ भने २६.५७७ प्रतिशत मात्र बजेट खर्च भएको गण्डकी प्रदेशको प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख एवं प्रदेश लेखा नियन्त्रक सुरेश सुवेदीले बताउनुभयो। धेरै योजनाहरु हाल चालु अबस्थामा रहेको आर्थिक बर्ष सकिने अबस्थामा बजेट फस्यौट हुँदा अन्तिम समयमा बढी खर्च हुने गरेको उहाँले जनाउनुभयो।

उक्त बजेटको चालु तर्फ ३९.९१ प्रतिशत अर्थात १३ अर्ब १६ करोड ५ लाख ८२ हजार बजेट विनियोजन भएको छ भने त्यसै गरी पूँजिगत तर्फ ५९.१९ प्रतिशतले १९ अर्ब ५१ करोड ७९ लाख ९३ हजारको बजेट विनियोजन गरिएको छ। गत बर्षको ७ महिनामा १९.७० प्रतिशत प्रगती भएकोमा यस बर्ष केही सुधार भई ७ महिनामा २३.२३ प्रतिशत प्रगती भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाकोछ। प्रदेश सरकारका ९ वटा मन्त्रालयहरु मध्य सबै भन्दा धेरै बजेट अर्थात ३८.५१ प्रतिशतले बजेट भएको भौतिक पूर्वाधार विकास तथा यातायात व्यबस्था मन्त्रालयमा चालु बर्षको फागुन २६ गतेसम्म ३ अर्ब ५६ करोड ६७ लाख ६४ हजार ८ सय ७० रुपैया खर्च गर्न सफल भएको छ। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको नेतृत्वमा रहेको प्रदेश सरकारले दुई ठुला दलको सत्ता गठबन्धनबाट बनेको सरकार भए पनि अपेक्षाकृत विकास हुन सकेको छन्।

## गण्डकीका तीन लाखबढी परिवारको स्वास्थ्य प्रोफाइल तयार

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन

गण्डकी प्रदेशका ७० स्थानीय तहका तीन लाख २२ हजार सात सय ७४ परिवारको स्वास्थ्य प्रोफाइल तयार पारिएको छ।

ती परिवारका १२ लाख २१ हजार पाँच सय ७१ सदस्यहरूको विवरण अद्यावधिक गरी व्यक्तिगत स्वास्थ्य सङ्केत नम्बर प्रदान गरिएको प्रादेशिक स्वास्थ्य निर्देशनालयले जनाएको छ। सङ्घ सरकारको नीतिअनुरूप प्रदेशको स्वास्थ्य मन्त्रालयले स्वास्थ्य प्रोफाइल तयार पारेको हो। निर्देशनालयका महानिर्देशक खिमबहादुर खड्काका अनुसार प्रदेशमा थप १५ स्थानीय तहमा पारिवारिक स्वास्थ्य प्रोफाइल तयार गर्न बाँकी छ। स्थानीय तहसँगको सहकार्यमा पारिवारिक स्वास्थ्य प्रोफाइल तयार गरिएको उहाँले बताउनुभयो। "परिवारका हरेक सदस्यको स्वास्थ्यसम्बन्धी सम्पूर्ण विवरण प्रोफाइलमा समेटिएको छ", महानिर्देशक खड्काले भन्नुभयो, "क्यूआर कोडमार्फत हरेक व्यक्तिको स्वास्थ्य विवरण सुरक्षित र अद्यावधिक गर्न मिल्ने गरी व्यवस्था हुँदैछ।"

व्यक्तिगत स्वास्थ्य विवरण गोप्य रहने उहाँको भनाइ छ। प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङका प्रमुख घनश्याम सापकोटाले स्वास्थ्यकर्मी घरदैलोमै पुगेर तथ्याङ्क सङ्कलन गरी पारिवारिक स्वास्थ्य प्रोफाइल तयार गरेको बताउनुभयो। "पारिवारिक स्वास्थ्य प्रोफाइलले वास्तविक सेवाग्राही सङ्ख्या पनि एकीन गर्न सजिलो भएको छ", उहाँले भन्नुभयो, "स्वास्थ्यसम्बन्धी नीति निर्माण र योजना तर्जुमा गर्न पनि यसबाट राज्यलाई मद्दत पुग्छ।" बिरामीको स्वास्थ्य जोखिम न्यूनीकरण गर्न र उपचारमा सहजीकरण गर्न पनि पारिवारिक स्वास्थ्य प्रोफाइलले सघाउने प्रमुख सापकोटाले बताउनुभयो।

## पोखरा महानगर क्षेत्रको फोहरपानी व्यवस्थापनसम्बन्धी गुरुयोजना तयार

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन

पोखरा महानगर क्षेत्रको फोहरपानी व्यवस्थापनसम्बन्धी गुरूयोजना तयार गरिएको छ।

पोखरा महानगरपालिकाले जापानअन्तर्राष्ट्रियसहयोगनियोग (जाइका), याचियो इञ्जिनियरिङ कम्पनी लिमिटेड, निहोन सुइडो कम्पनी लिमिटेड र एनजेएस कम्पनी लिमिटेड जापानको प्राविधिक सहयोगमा उक्त गुरूयोजना तयार गरेको हो। महानगरपालिकाका चार वटा क्षेत्रहरूमा प्रशोधन केन्द्रहरू नै निर्माण गरी फोहर पानी प्रशोधनमार्फत पुनः प्रयोगका लागि योग्य बनाएर नदी तथा तालहरूमा छोडिने गुरूयोजनामा उल्लेख गरिएको छ।

महानगरको पश्चिम क्षेत्र, मुख्य सहरी भाग, हेमजा क्षेत्र र पूर्वी भागमा फोहरपानी प्रशोधन केन्द्रहरू स्थापना गरिनेछन्। यी केन्द्रमार्फत प्रतिदिन एक लाख ३४ हजार घनमिटर पानी प्रशोधन हुने महानगरपालिकाले जनाएको छ। गुरूयोजनाअनुसार पानी प्रशोधन क्षेत्रका लागि पाइपलाइन योजना विकास र सबै प्रणालीहरूमा छुट्टाछुट्टै ढलहरू प्रयोग हुने महानगरपालिका प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो।

त्यस्तै दुर्गम भूभागमा पानी सङ्कलनका लागि विभिन्न स्थानमा 'पम्प स्टेसन' र 'म्यानहोल पम्प' जडान गर्ने योजना रहेको उहाँले बताउनुभयो। प्रमुख आचार्यले रू ११ अर्ब लागतको यो परियोजनाअनुसार फोहरपानीको प्रशोधन केन्द्र सञ्चालन गर्दा वातावरणीय स्वच्छता प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। "अब हामीले आकाशबाट पर्ने पानी, भान्साबाट निस्कने पानी, शौचालयबाट निस्कने पानीलगायत ढलमा मिसाइएका कुनै पनि चिजलाई यतिकै छोड्न मिल्दैन", उहाँले भन्नुभयो, "यसले वातावरण प्रदूषण भइरहेको छ, भन्ने विश्वव्यापी रूपमा नै चिन्तन भइरहेका बेला पोखराका विभिन्न चार स्थानमा पोइन्टहरू निर्धारण गरी जाइकाले यसमा सहयोग गर्ने भएको हो।"

जानेर वा नजानेर हाम्रा ढलहरू सीधै खोलामा मिसिने गरेको बताउँदै उहाँले यो योजनाअनुसार फोहर पानी प्रशोधन गरेर मात्र खोलामा मिसाइने जानकारी दिनुभयो। दिगो विकासको लक्ष्यअनुसार सन् २०३० सम्म सबै सहरमा व्यवस्थित ढल निकासको व्यवस्थापन गर्नुपर्ने उल्लेख गर्दै महानगर प्रमुख आचार्यले यसको लक्ष्य भेट्नलाई पनि यो परियोजना पोखराका लागि महत्त्वपूर्ण हुने बताउनुभयो।

## पोखरा–मुग्लिन सडकको पश्चिमतर्फ ४३ प्रतिशत भौतिक प्रगति

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन

पोखरा-मुग्लिन सडक आयोजना (पश्चिम खण्ड)को भौतिक प्रगति ४३ दशमलव ३४ प्रतिशत पुगेको छ।

कूल ३८ दशमलव ८८ किमी दूरीको उक्त खण्डमा हालसम्म २९ दशमलव ४७ किमी सडक कालोपत्र भएको छ। चार लेनको उक्त सडकमा १५ दशमलव ३२ किमीमा दुईतर्फी र १४ दशमलव १५ किमीमा एकतर्फी कालोपत्र गरिएको आयोजनाका इञ्जिनियर सौजन्य नेपालले जानकारी दिनुभयो। उक्त सडक निर्माणको म्याद विसं २०८२ पुससम्म छ। यसअघि दुईपटकसम्म म्याद थप भएको थियो।

पश्चिमतर्फ तनुहँमा दुई किमी सडक मात्र कालोपत्र हुन बाँकी रहेको इञ्जिनियर नेपालले बताउनुभयो। कास्की खण्डमा सडक विस्तार, पूर्वाधार तयारी र कालोपत्रको काम भइरहेको उहाँको भनाइ छ। तनहुँको जामुनेदेखि पर्यटन राजधानी पोखरा जोड्ने पश्चिम खण्डमा विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो।

एक वर्षभित्र कामसक्ने लक्ष्य लिइएको इञ्जिनियर नेपालले बताउनुभयो। चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्स्ट्रक्सनले सडक विस्तार एवं स्तरोन्नति गरिरहेको हो। पोखराको चाउथे, अन्तरराष्ट्रिय विमानस्थलदेखि अमरसिंहचोक, बूढीबजारलगायत ठाउँमा कालोपत्रको काम भइरहेको इञ्जिनियर नेपालले जानकारी दिनुभयो। पोखरा महानगरपालिका-२७तालचोकदेखि गगनडौँडासम्मको खण्डमा पनि निर्माणले गति लिएको उहाँले बताउनुभयो। पश्चिमतर्फ तनहुँको थर्पु, तुरतुरे, कास्कीको तल्लो गगनगौँडालगायत खण्डमा कालोपत्र भइसकेको छ। तनहुँको जामुनेदेखि पोखराको सेती पुलसम्मको आधा सडक छ लेन र आधाजति चार लेनको बन्ने इञ्जिनियर नेपालले बताउनुभयो। वियजपुर खोला र सेती नदीमा पुल निर्माण पनि सँगसँगै भइरहेको उहाँको भनाइ छ। पश्चिम खण्डमा पर्ने १२ वटामध्ये नौ वटा सडक पुल निर्माणको अन्तिम चरणमा रहेको आयोजना कार्यालयले जनाएको छ। चिनियाँ निर्माण कम्पनीले रु सात अर्ब ४० करोड ४६ लाखमा पश्चिम खण्ड निर्माणको जिम्मा लिएको हो। कूल ८१ किमी दूरीको पोखरा-मुग्लिन सडक एसियाली विकास बैंकको ऋण सहयोगमा विस्तार तथा स्तरोन्नतिको काम भइरहेको हो। कूल ४१ दशमलव ४५ किमीको पूर्वी खण्डमा पनि विसं २०७८ वैशाखदेखि निर्माण कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले काम सुरु गरेको थियो। पूर्वी खण्डमा सडक स्तरोन्नति र कालोपत्रको काम अन्तिम चरणमा पुगेको आयोजना कार्यालयले जनाएको छ। सरकारको प्राथमिकता प्राप्त यस सडक आयोजना निर्माणका क्रममा रहेकाले पोखराको यातायात सेवा केही असहज भने बनेको छ। सडक स्तरोन्नति लक्ष्यभन्दा केही ढिलो भइरहेकामा स्थानीयवासीको गुनासो छ। गण्डकी प्रदेशको राजधानी जोड्ने मुख्य सडकमार्गको स्तरोन्नतिपछि पोखरादेखि देशका विभिन्न ठाउँको यातायात सेवा सहज र छरितो हुनेछ। चार लेनको उक्त सडकले सिङ्गो गण्डकी प्रदेशको आर्थिक र पर्यटकीय गतिविधि बढाउन मद्दत पुग्ने विश्वास लिइएको छ। पोखरा आतजावत गर्दा धुलो र हिलो छिचोल्दै घण्टौँको यात्रा गर्नुपर्ने सर्वसाधारणको बाध्यता छिट्टै अन्त्य हुने इञ्जिनियर नेपालले बताउनुभयो।

## पर्वतीय संग्रहालयमा सिटी टुर गाइडसँग अन्तर्क्रिया


पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन




अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयले मंगलबार पोखरा उपत्यकाका पथप्रदर्शकहरुसँग छलफल गरेको छ।

पोखरा-१७, रातोपहिरोमा रहेको संग्रहालयले पोखरा सिटी टुर गाइड एसोसियसनमा आवद्ध पथप्रदर्शकहरुसँग संग्रहालय प्रवर्द्धनका लागि कार्यक्रम गरेको हो। कार्यक्रममा गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयका सचिव कुमानसिंह गुरुङले पर्वतीय संग्रहालय पोखराको सबैभन्दा आकर्षक मानव निर्मित पर्यटकीय गन्तव्य भएको बताए। उनले संग्रहालय प्रवर्द्धनका लागि प्रदेश सरकारले सघाउने प्रतिवद्धतासमेत गरे। 'यसको प्रवर्द्धनका लागि प्रदेश सरकारले पनि सघाउँछ,' सचिव गुरुङले भने, 'पथप्रदर्शक साथीहरुलाई पोखरा भ्रमणका मुख्य गन्तव्यमा यसलाई समावेश गर्न आग्रह गर्दछु।' पोखरा सिटी टुर गाइड एसोसियसनका अध्यक्ष आनन्द गुरुङले पथप्रदर्शकहरुको योगदानलाई पहिचान गरी छलफल आयोजना गरेकोमा धन्यवाद दिए। उनले पर्वतीय संग्रहालय प्रवर्धनका लागि सघाउने प्रतिवद्धतासमेत जनाए।

कार्यक्रममा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय समिति सदस्य शेषकान्त शर्माले हिमालको देशमा रहेको पर्वतीय संग्रहालय धेरै पर्यटकको रोजाइको गन्तव्यमा पर्ने गरेको उल्लेख गरे। कार्यक्रममा अध्येता सुनील उलकले पोखराको पर्यटकीय विकास र यहाँका सम्पदाबारे प्रस्तुति राखेका थिए। कार्यक्रम अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय समिति सदस्य धर्मराज पन्थीको अध्यक्षतामा भएको हो। संग्रहालयकी कार्यकारी निर्देशक निर्मलाकुमारी न्यौपानेले स्थानीय पथप्रदर्शकहरुलाई संग्रहालयबारे जानकारी दिन, पथप्रदर्शकका अनुभव सुन्न र भावी रणनीति बनाउन कार्यक्रम गरिएको उल्लेख गरिन्। 'पर्वतीय संग्रहालयका सम्पदा, यहाँका विशेष सामग्रीबारे उहाँहरुलाई जानकारी दिन र उहाँहरुको अनुभव सुन्न कार्यक्रम गरिएको हो,' न्यौपानेले भनिन्। विश्वकै सबैभन्दा ठूलो पर्वतीय संग्रहालय दाबी गरिएको यो संग्रहालयमा वर्षमा दुई लाख जति पर्यटक आउने गरेका छन्।

# 'खेलकुद स्वस्थ्यका लागि मात्र नभई आर्थिक उपार्जनको माध्यम बन्दैछ' : खेलकुदमन्त्री चौधरी

पोखरापत्र संवाददाता
दमौली, २७ फागुन

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले खेलकुद शारीरिक स्वस्थ्यका लागि मात्र नभइ आर्थिक उपार्जनको माध्यम बन्दै गएको बताउनुभएको छ।

व्यास नगर ब्याडमिन्टन क्लबले व्यास नगरपालिका-३ बिपी वन वाटिकामा निर्माण गरेको कभर्डहलको मंगलबार उद्घाटन गर्दै उहाँले खेलकुदमा लागेर खेलाडी बाँच्न सक्ने अवस्थाको विकास हुँदै गएकामा खुसी व्यक्त गर्नुभयो।



"खेलकुद शारीरिक, मानसिक विकासका लागि मात्र नभइ खेलाडीको जीवनयापन गर्ने बलियो माध्यमको रूपमा विकास हुँदै गएको छ",मन्त्री चौधरीले भन्नुभयो,"राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद भन्ने नारा रहँदै आएको छ तर आज आर्थिक उपार्जनको आधार बन्दै गएको छ । यो खुसीको कुरा हो ।" नेपालमा केही समय पहिला भएको एनपिएल क्रिकेटले खेलाडीको आर्थिक जीवनस्तर सुधारका लागि महत्वपूर्ण काम गरेको र अब खेलाडी दिगो रूपमा यही खेलमा लागेर बाँच्न सक्ने अवस्था बनिरहेको उहाँको भनाइ थियो। मन्त्री चौधरीले कतिपय नेपाली खेलाडीले विदेशमा खेलेर देशको नाम उचो राख्न र आफ्नो आर्थिक अवस्था सुधारका लागि राम्रो आम्दानी गरिरहेका बताउनुभयो । "खेल क्षेत्रमा लागेकाहरूले अब निराश बन्नुपर्ने अवस्था छैन। सरकारले पनि सीमित आर्थिक स्रोतका कारण खेल क्षेत्रको विकासमा उल्लेख्य प्रगति गरिसकेको छैन। यसका बाबजुद सरकारले यस क्षेत्रमा उदाहरणीय काम गरिरहेको छ", उहाँले भन्नुभयो।

गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले जिल्लामा खेलकुदका पर्याप्त पूर्वाधार नभएकाले त्यसतर्फ ध्यान दिन मन्त्री चौधरीको ध्यानाकर्षण गराउनुभयो । जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले खेलकुद क्षेत्रको विकासका लागि स्थानीय सरकार लाग्नुपर्नेमा जोड दिनुभयो । व्यास नगरपालिका प्रमुख वैकुण्ठ न्यौपानेले नगरपालिकाले खेल क्षेत्रका लागि पर्याप्त बजेट विनियोजन गरेको बताउनुभयो।

कार्यक्रममा नेपाली कांग्रेसका पूर्वसभापति रघुनाथ पौडेल, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सचिव प्रदीपराज अधिकारी, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति विश्व बाँस्तोला, प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापालगायतले खेलकुद राष्ट्र चिनाउने महत्वपूर्ण माध्यम भएकाले यसमा लगानी बढाउन आवश्यक रहेकामा जोड दिनुभयो। व्यास नगरपालिकाको आर्थिक सहयोगमा कभर्डहल निर्माण गरिएको व्याडमिन्टन क्लबका अध्यक्ष जीवन गुरुङले जानकारी दिनुभयो । उहाँले व्यास नगरपालिकाले रु ८७ लाख ८५ हजार दुई सय ३४ सहयोग अन्य नगद सहभागिता र श्रमदान गरी रु ९६ लाख ६३ हजार सात सय ४७ को लागतमा कभर्डहल निर्माण भएको हो।

# प्रदेश खेलकुद परिषद गण्डकीले थाल्यो दशौं राष्ट्रिय खेलकुदको तयारी

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन



प्रदेश खेलकुद परिषद गण्डकीले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरू गरेको छ।

परिषदले मंगलबार प्रदेश खेलकुद संघहरुका बीच एक छलफल कार्यक्रम गरी तयारी सुरू गरेको हो । आगामी वर्ष २०८२ को जेठ ३ देखि १० गते सम्म कर्णाली प्रदेशको सुर्खेतमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुदका लागि दर्ता छुट भएका खेलाडीहरुलाई चैत्र ५ गते सम्म दर्ताका लागि खुल्ला गरिएको प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले जनाएका छन् । परिषदले पालिकातहबाटै खेलाडी छनौटका लागि तयारी सुरू गरिएको बताउँदै सदस्य सचिब शर्माले पालिका खेलकुद विकास समितिको समन्वयमा चैत्र १५ गते देखि २० गते भित्र पालिका छनौट गर्ने तथा चैत्र २५ गते भित्र जिल्ला छनौट सम्पन्न गर्ने गरी सबै जिल्ला खेलकुद विकास समिति र खेल संघहरुलाई पत्रचार गरिएको बताए। त्यसै गरी प्रदेशस्तरीय छनौट प्रतियोगिता चैत्र २६ गते देखि २०८२ बैशाख ५ गते सम्म सम्पन्न गर्ने गरी राष्ट्रिय प्रतियोगिताका लागि प्राप्त खेलाडी कोटा बमोजिम अन्तिम छनौट गर्ने जनाएको छ। परिषदले नवा राष्ट्रिय खेलकुद प्रतियोगितामा प्राप्त उपलब्धिको जर्गेना गर्दै तीन छुट्टा-छुट्टै रुपमा खेलहरु वर्गिकरण गरी सोही अनुसार बन्द प्रशिक्षण समेत गर्ने गरी तयारी भएको सदस्य सचिब शर्माले जानकारी दिए । परिषदले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको प्रदेशस्तरीय छनौट सबै जिल्लामा हुने गरी तय भएको समेत जनाएको छ।

दशौं राष्ट्रिय खेलकुदका लागि हाल सम्म गण्डकी प्रदेशका ११ जिल्लामा ३ हजार ३७६ जना खेलाडी दर्ता भएको परिषदका कार्यालय प्रमुख तोपलाल भुसालले जानकारी दिएका छन्। जसमध्ये कास्कीमा सर्वधिक १ हजार ५८ जना, नवलपुरमा ५ सय ६१, तनहुँ २ सय ६, गोर्खा १ सय ४२, पर्वत २ सय ५९, मनाङ ३ सय ३, मुस्ताङ ६३, बाग्लुङ ३ सय ७, स्याङजा २ सय ४४, लमजुङ ७२, म्याग्दी १ सय ६१ जना खेलाडी दर्ता भएका छन्।

सदस्य सचिब शर्माले छनौट खेललाई प्रभावकारी बनाउन खेल संघहरुलाई आग्रह गर्दै छनौट प्रक्रियामा खेलाडीहरुलाई समान रुपले अवसर दिन र उनीहरुलाई उत्साहित बनाउँदै प्रदेशका लागि पदक प्राप्त गर्ने गरी अघि बढाउनु पर्नेमा जोड दिए। प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरूङले सबैले एक जुट भएर खेलाडीहरुलाई उत्साहित बनाउँदै दशौं राष्ट्रिय खेलकुदको तयारीमा जुट्न आग्रह गरे । उनले कुनै समस्या भएमा परिषद समाधान गर्न तयार रहेको जनाउँदै पालिका तह देखि प्रदेश तह सम्मको छनौटले प्रदेशले उत्कृष्ट खेलाडी पाउनेमा विश्वस्त रहेको बताए।

# देशलाई पछाडि फर्काउने होइन, अगाडि बढाउने हो- प्रधानमन्त्री

रासस
काठमाडौं, २७ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउँदै सरकारले सुशासन र समृद्धिको बाटोमा तीव्रताका साथ काम गरेर मुलुकलाई अगाडि बढाउन थालेको बताउनुभएको छ।

कोशी प्रदेशसभामा मंगलबार विशेष सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले जनताको बलिदानी र सङ्घर्षको बलमा प्राप्त संविधानको रक्षा गरी आवश्यकतानुसार जनता र सङ्घीय लोकतान्त्रिक गणतन्त्रका पक्षमा संशोधन गर्दै जाने पनि जानकारी गराउनुभयो।

यस प्रणालीमा जो कोही पनि प्रतिस्पर्धा गर्न पाउने भएकाले व्यवस्थाविरोधी आवाज उठाउन आवश्यक नभएको स्पष्ट गर्दै उहाँले संविधानसम्मत्, शान्तिपूर्ण र सुशासनको बाटोबाट यस व्यवस्थालाई अझ उन्नत बनाउन सकिने बताउनुभयो । "हामी जनताको गरिबी र पछ्यौटेपन हटाएर जान चाहन्छौं । गरिबी हटाएर मात्रै सन्तोष मान्दैनौं । समग्र मानवीय जैविक र न्यायोचित आवश्यकताको परिपूर्ति गरेर मुलुकलाई अगाडि बढाउनुछ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "नागरिक सर्वोच्चता भएको यस प्रणालीमा रहेर समृद्धिका लागि छिटो काम गर्न चाहन्छौं।

रोजगारीका अवसरमा सृजना गर्न चाहन्छौं । त्योभन्दा पहिला हामीले उद्यमशीलतामा जोड दिनुपरेको छ। त्यसकारण देशलाई पछाडि फर्काउने होइन, अगाडि बडाउने हो । संविधानबमोजिम तीनै तहका सरकारले सहकार्य गरेर देश विकासमा लाग्नुपर्छ।''

प्रधानमन्त्री ओलीले देशको भौगोलिक, सांस्कृतिक र जातीय विविधतालाई मनन गरेर विविधताबीच एकता कायम गर्दै गौरवपूर्ण इतिहास भएको नेपाललाई विश्व मानचित्रमा सार्वभौम, लोकतान्त्रिक र समृद्ध बनाउन आआफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । यसअघि प्रधानमन्त्री ओलीले पूर्वाञ्चल विश्वविद्यालयको १३औं दीक्षान्त समारोहलाई सम्बोधन गर्नुभएको थियो।

# आर्वामा प्रथम अमलचौर भेट्रान्स भलिवल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन

सम्भवत वडा नं १३ मा पहिलो पटक प्रथम अमलचौर चाँपडाँडा भेट्रान्स भलिवल प्रतियोगिता आगमी २९ गते देखि सुरु हुने भएको छ।

वडा नं १३ आर्वा स्थित अमरज्योति विद्यालयको खेल मैदानमा हुने प्रतियोगिता चैत्त २ गते सम्म संचालन हुने छ। ३५ वर्ष पुगेका खेलाडीहरुले आफ्नो साथमा नागरिकता लिएर आउनु पर्ने आर्थिक संयोजक राम वरालले पोखरापत्रलाई वताए । अमलचौर चाँपडाँडा टोल विकास समितिको आयोजनामा प्रतियोगिता हुन लागेको हो। समितिका अध्यक्ष इन्द्रराज वरालले स्वास्थ्यको लागि खेलकुद सवैभन्दा राम्रो हुनाले खेलकुद कार्यक्रम राखिएको पोखरापत्रलाई भने।

युवाहरुलाई अगाडि बढाउनको लागि खेलकुदले सवैभन्दा ठूलो भुमिका खेल्ने भएकोले खेललाई प्राथमिकतामा राखिएको अध्यक्ष वरालले भने। खेलले स्वास्थ्य मात्र नभै स्थानको पनि राम्रो पहिचान हुने अध्यक्ष वरालको दावी छ । प्रतियोगितामा प्रथम हुनेलाई चालीस हजार, दोस्रो हुनेलाई २५ हजार नगद, मेडल, शिल्ड, प्रमाणपत्र प्रदान गरिने खेल संयोजक श्री अधिकारीले पोखरापत्रलाई वताए । प्रतियोगितामा सहभागी हुनका लागि कास्की जिल्ला वहिरवाट पनि धेरै फोन आइरहेको संयोजक अधिकारीले भने।




त य स ै ग र ी प्रतियोगितामा वेष्ट प्लेयर, वेष्ट डिफेन्स, वेष्ट स्पाइकर र वेष्ट सेटरलाई पनि पुरस्कृत गरिने खेल संयोजक अमृतराज परियारले पोखरापत्रलाई भने।

प्रतियोगितावाट बचत भएको नगद रुपैयाँ शिक्षा तथा स्वास्थमा खर्च गरिने आर्थिक संयोजक लक्ष्मण वरालले पोखरापत्रलाई वताए ।

# प्रधानमन्त्री कप पुरूष क्रिकेट प्रतियोगिता गण्डकी प्रदेश विजयी

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन

नेपाल टेलिकम प्रधानमन्त्री कप पुरूष क्रिकेट प्रतियोगिता २०८१ अन्तर्गत मङ्गलबार लमहीस्थित देउखुरी अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालामा भएको खेलमा कर्णाली प्रदेशले दिएको ९२ रनको सामान्य लक्ष्य गण्डकी प्रदेशले ६ विकेटको क्षतिमा पूरा गऱ्यो।

दीपक डुम्रेको अर्धशतकमा गण्डकी प्रदेशले कर्णाली प्रदेशविरूद्ध ४ विकेटको जित निकालेको हो । सामान्य लक्ष्य पछ्याएको गण्डकीका सुरूवाती ब्याटर आउट भएपछि दबाबमा परेका बेला दीपक डुम्रे र सुजन गौतमले सम्हालिएर खेल्दै पारी उकासेर २९ दशमलव १ ओभरमा टिमलाई जित दिलाए। बाह्र ओभरको खेल सकिँदा २२ रनमा ६ विकेट गुमाइसकेको अवस्थामा दीपक र सुजनले राम्रो साझेदारी गर्दै नतिजा आफ्नो पक्षमा पारे।

दीपक डुम्रेले सात चौकाको मद्दतमा ५० रन र सुजन गौतमले ३ चौकाको मद्दतमा २२ रन बनाए । टिमलाई जित दिलाउन अविजित अर्ध शतक बनाएका दीपक डुम्रे प्लेयर अफ द म्याच भए । कर्णालीका लागि विपिन शाहीले २० रन, अर्जुन घर्ती १७ रन, विपिन रावलले १५ रन, हिमांशु शाहीले १२ रन बनाउनु बाहेक अरू खेलाडीले दोहोरो अङ्कको रन जोड्न नसक्दा २७ दशमलव २ ओभरमा अलआउट हुँदै केवल ९१ रन बनायो।

अब प्रतियोगिताअन्तरर्गत बिहीबार विभागीय टिम एपिएफ र मधेस प्रदेशबीच खेल हुने तालिका रहेको छ। नेपाल क्रिकेट सङ्घ क्यानको आयोजना, प्रदेश क्रिकेट सङ्घको समन्वय तथा दाङ क्रिकेट सङ्घको व्यवस्थापनमा जारी प्रतियोगितामा ३ विभागीयसहित सात प्रदेशका टिम सहभागी छन्। दाङसहितमा रूपन्देहीको सिद्धार्थ क्रिकेट रङ्गशाला र एक्स्ट्राटेक ओभल मैदानमा एकैसाथ शुरू भएको प्रतियोगिताका खेलहरू राउण्ड रोविनका आधारमा भइरहेका छन् । हरेक टिमले एक अर्को टिमसँग खेल्नेछन् । आगामी चैत १६ गतेसम्म चल्ने प्रतियोगिता अन्तर्गत दाङमा १४ वटा खेल हुने तालिका रहेको छ।

# वैदेशिक अध्ययनमा विदेशियो ६४ अर्ब १५ करोड

रासस
काठमाडौं, २७ फागुन

चालु आर्थिक वर्षको सात महिनामा उच्च शिक्षाका लागि विदेशी मुलुक जानेहरुले ठूलो धनराशी विदेश लगेका छन्। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरण अनुसार शिक्षातर्फको व्यय रु ६४ अर्ब १५ करोड बराबर पुगेको छ।

सेवा खाताअन्तर्गत भ्रमण व्यय १० दशमलव छ प्रतिशतले वृद्धि भई रु एक खर्ब १५ अर्ब ८८ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय रु ६४ अर्ब १५ करोड रहेको हो। बैंकका अनुसार अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु एक खर्ब चार अर्ब ७५ करोड रहेकामा शिक्षातर्फको व्यय रु ६६ अर्ब ६४ करोड थियो । सो अवधिमा खुद सेवा आय रु ५० अर्ब २२ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु ३६ अर्ब ३८ करोडले घाटामा थियो। सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय सात दशमलव सात प्रतिशतले वृद्धि भई रु ४९ अर्ब २१ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु ४५ अर्ब ६८ करोड रहेको थियो।

# दुई करोडमा बन्यो विद्यालय भवन

पोखरापत्र संवाददाता
दमौली, २७ फागुन

यहाँको शुक्लागण्डकी नगरपालिका-६ स्थित खैरेनीटार माध्यमिक विद्यालयको भवन निर्माण गरिएको छ। नेपाल हिल्फे वाइलग्रिस जर्मनको आर्थिक सहयोगमा विद्यालयको आठकोठे भवन निर्माण गरिएको हो।

उक्त संस्थाको रु दुई करोड लागतमा विद्यालय भवन निर्माण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमलमोहन घिमिरेले जानकारी दिनुभयो । नयाँ भवन निर्माणसँगै विद्यार्थीको पठनपाठनमा सहयोग पुग्ने विद्यालयका प्रधानाध्यापक राजेश्वर घिमिरेले जानकारी दिनुभयो। उक्त भवनको सोमबार शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डित र उक्त संस्थाका अध्यक्ष मानफ्रेड लिन्डरले संयुक्त रूपमा उद्घाटन गर्नुभयो। सो अवसरमा नगरप्रमुख पण्डितले विद्यालयको भवन निर्माणमा सहयोग गरेकामा धन्यवाद ज्ञापन गर्नुभयो।




उक्त संस्थाले विगत ३१ वर्षदेखि नेपालको शिक्षा, स्वास्थ्य, सरसफाइलगायतका क्षेत्रमा काम गरिरहेको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिलाबाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# लोकतन्त्रलाई सुदृढ गरौं

खुला समाजमा हुर्केको नयाँ पुस्ताले गणतन्त्रको विरोधमा नारा लगाएकोलाई गणतन्त्रको भविष्य लामो नभएको प्रचार गरिदैंछ । आधुनिक युगमा पनि सति प्रथाको वकालत हुनु समाजलाई अँध्यारो युगमा लान खोज्नु हो । जनतालाई उन्नत लोकतान्त्रिक शासन प्रणालीको बारेमा शिक्षा दिने काम हुन सकेन । राजनीतिक दलले आन्तरिक लोकतन्त्रलाई बलियो बनाउन नलाग्दा दक्षिणपन्थी र गणतन्त्र विरोधी सक्रिय हुने अवसर पाए। पंचायत काल र अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्र काल र अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्र कालमा अन्तर के छ ? लोकतन्त्र भनेको नागरिक स्वयंले आफ्नो शासन व्यवस्था निर्माण गर्ने प्रक्रिया हो । यहाँ जनता नै सर्वोपरि हुन्छन्, उनीहरूले आफ्ना प्रतिनिधिहरू स्वतन्त्र रूपमा चयन गर्छन् र पाँच वर्षको अन्तरालमा उनीहरूको मूल्यांकन गर्ने अधिकार राख्छन् । यदि शासकीय शैली त्रुटिपूर्ण देखिएमा जनताले चुनावमार्फत त्यसलाई सच्याउने अवसर पाउँछन् ।

त्यसैले लोकतन्त्रको विकल्प पुनः लोकतन्त्र र गणतन्त्र नै हो । राजतन्त्रजस्तो एकल व्यक्ति वा परिवारको वर्चस्वमा आधारित प्रणाली लोकतान्त्रिक चेतनाको वर्तमान युगमा कुनै पनि रूपमा उपयुक्त विकल्प बन्न सक्दैन । अहिले सडकमा देखिएका केही गतिविधिहरू अस्थिरता निम्त्याउने उद्देश्यले गरिएका देखिन्छन् । अस्थिरता मुलुकलाई सही दिशामा लैजाने माध्यम होइन, बरु विकास अवरुद्ध गर्ने प्रमुख तत्व हो । इतिहास साक्षी छ– नेपालमा राजतन्त्रका कालखण्डमा पनि जनताले सन्तोषजनक शासन पाएनन् । यदि राजतन्त्र नै राम्रो हुन्थ्यो भने, २०६२/६३ को जनआन्दोलनमा लाखौं जनता किन सडकमा उत्रिए? किनभने राजतन्त्रले जनताको आवश्यकतासँग मेल खाएन ।

राजतन्त्रको पक्षमा उभिन खोज्ने तत्वहरूले बुझ्नुपर्छ– पूर्वराजा ज्ञानेन्द्र शाह संविधानअनुसार अब एक साधारण नागरिक हुन् । यदि उनलाई जनताको सेवा गर्ने चाहना छ भने, लोकतान्त्रिक प्रक्रियामा प्रवेश गर्न सक्छन्। उनी राजनीतिक दल खोल्न, चुनाव लड्न, जनताको समर्थन जुटाएर प्रधानमन्त्री वा राष्ट्रपति बन्न स्वतन्त्र छन् । तर, कुनै वंशगत विशेषाधिकारको आधारमा मुलुक पुनः राजतन्त्रमा फर्किन सक्छ भन्ने सोच्नु हास्यास्पद मात्र होइन, असम्भव पनि हो । नेपालको लोकतान्त्रिक अभ्यासमा त्रुटिहरू छन्, जुन सच्चाइन आवश्यक छ । तर, लोकतन्त्र नै विस्थापित गरेर राजतन्त्र पुनःस्थापना गर्ने कुरा निराधार मात्र होइन, मुलुकलाई पुनः अधिनायकवादतर्फ धकेल्ने प्रयास पनि हो ।

त्यसैले सरकार, राजनीतिक दल, नागरिक समाज, र सम्पूर्ण जनता मिलेर लोकतन्त्रलाई अझ मजबुत बनाउने दिशामा लाग्नुपर्छ । विकल्प खोज्ने नाममा अराजकता मच्चाउनु र इतिहासले अस्वीकार गरिसकेको व्यवस्थालाई पुनःस्थापित गर्ने प्रयास गर्नु देशकै अहितमा जान्छ । अब राजतन्त्र फर्काउने दिवास्वप्न देख्नेहरूको समय सकिएको छ । इतिहासबाट पाठ सिकौं, लोकतन्त्रलाई सुदृढ पारौं !


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# सिङ्गा–तातोपानीमा नदी नियन्त्रण आयोजना सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ फागुन

म्याग्दीको बेनी नगरपालिका–४ सिङ्गा–तातोपानीमा नदी नियन्त्रण आयोजना सुरु भएको छ ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना पोखरा र जलस्रोत, सिँचाइ तथा खानेपानी डिभिजन कार्यालयले म्याग्दी नदीको कटानको जोखिममा रहेको तातोपानीको बस्ती संरक्षण आयोजना सञ्चालन गरेका हुन् ।

बेनी नगरपालिका–४ का वडाध्यक्ष अणबहादुर खड्काले चालु आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय र प्रदेश सरकारको विनियोजन गरेको बजेटबाट म्याग्दी नदी किनारको फरकफरक ठाउँमा पक्की पर्खाल निर्माण थालिएको बताउनुभयो । रु एक करोड ५५ लाखमा ठेक्का सम्झौता गरेको साहाना–बिआरटी जेभी पर्वतले सरस्वती मावि मुनी कम्पोजित प्रविधिको पर्खाल निर्माण थालेको हो । यो योजनाका लागि रु दुई करोड ७० लाख लागत अनुमान गरिएको थियो । म्याग्दी नदीको किनारमा कटान नियन्त्रणका लागि ६६ मिटर लामो, चार मिटर चौडाइ भएको तीन–तीन मिटर अग्लो कङ्क्रिट र त्यसमाथि ग्याविन पर्खाल निर्माण गरिने सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाका इन्जिनियर नरजङ गुरुङले बताउनुभयो ।

यो ठेक्काको काम यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित निर्माणको कामलाई तीव्र पारिएको छ । जलस्रोत, सिँचाइ तथा खानेपानी डिभिजन कार्यालयले विनियोजन गरेको रु ५० लाख बजेटबाट ठेक्का पाएको कम्पनी शान्ति निर्माण सेवाले उपल्लो तातोपानी बजारको पछाडि पक्की पर्खाल निर्माण थालेको छ । यो ठेक्कामार्फत ४० मिटर लामो पलम, सेयर र ग्याबियन पर्खाल निर्माण गर्न लागिएको हो । विसं २०७८ मा म्याग्दी नदीमा आएको बाढीले तातोपानीस्थित फापरखेत र मसारमा कटान गरेको थियो । मसारमा दुईवटा घर भत्किएका थिए । फापरखेतमा रहेको सरस्वती मावि, ज्वालामाई भगवती आमा समूहको भवन र मसारको १७ घर नदी कटानको जोखिममा छन् । करिब एक सय घरपरिवारको बसोबास रहेको उपल्लो तातोपानी बजार पनि नदी कटानको जोखिममा छ ।

यसअघि ग्याबियन पर्खाल निर्माण गरेर नदी नियन्त्रण गर्दै आएकामा यसपालिदेखि पक्की पर्खाल निर्माण गर्न थालिएको वडाध्यक्ष खड्काले बताउनुभयो । प्राकृतिक उपचारस्थलका रूपमा परिचित सिङ्गा तातोपानी र बेनी बजारमा नदी कटान नियन्त्रणका लागि चालु आर्थिक वर्षमा बहुवर्षीय स्रोत सुनिश्चित भएको रु १० करोड बजेटको योजना कार्यान्वयनका लागि पनि ठेक्का आह्वान भएको छ ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाका इन्जिनियर गुरुङका अनुसार तातोपानीमा एक सय दुई मिटर र बेनीको दरवाङ बजार पछाडि एक सय ६५ मिटर कम्पोजित पर्खाल निर्माण गर्न ठेक्का आह्वान भइसकेको छ ।

# मालिका गाउँपालिकाले मनायो स्थापना दिवस



**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ फागुन

म्याग्दीको मालिका गाउँपालिकाले नवौं स्थापना दिवस विविध कार्यक्रम गरी मनाएको छ । मंगलबार गाउँपालिकाले विशेष समारोहको आयोजना गरी गाउँपालिकाको विभिन्न क्षेत्रमा योगदान दिएका व्यक्तिलाई सम्मानसहित विविध सांस्कृतिक कार्यक्रमका साथ स्थापना दिवस मनाएको हो ।

पालिकाको स्थापना दिवसको अवसरमा आज गाउँपालिकामा सार्वजनिक बिदा दिइएको थियो भने गाउँपालिकाको केन्द्र दरबाङ बजारमा झाँकी सहितको प्रभातफेरी ऱ्याली र मूल समारोह आयोजना गरिएको थियो । समारोहको १०६ वर्षीय ज्येष्ठ नागरिक धनमती गुरूङले उद्घाटन गर्नुभएको थियो ।

गाउँपालिकाले राजनीतिक तथा सामाजिक, शिक्षा, खेलकुद, कृषि, कला संस्कृति, लघुउद्यमलगायत क्षेत्रमा विशेष योगदान दिने व्यक्तिलाई सम्मान गरेको थियो । राजनीतिक तथा सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै तीन जनालाई मरोन्नपरान्त सम्मान प्रदान गरिएको छ ।

तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य बलमान पुन, सामाजिक क्षेत्रमा योगदान दिनुभएका शेरबहादुर शेरचन र शिक्षा क्षेत्रमा योगदान दिनुभएका वीरबहादुर कार्कीको सम्मानमा उहाँको परिवारलाई उक्त सम्मानपत्र प्रदान गरिएको थियो । कार्यक्रममा राष्ट्रिय खेलकुदमा जिल्लालाई चिनाउने कमला पुन र जमान सिं परियार, ज्येष्ठ नागरिक धनमती गुरूङ, बाँस निगालो तथा चोयाका सामग्री निर्माण गर्ने भरिबहादुर पटेल, व्यावसायिक कृषि क्षेत्रमा योगदान पुऱ्याउने मालिका रेन्बो ट्राउट फर्मका सञ्चालक पूर्णबहादुर रोका, विसम कृषि फर्मका सञ्चालक भूपेन्द्र शर्मासहित हरेक वडाबाट एक/एकजना लघुउद्यमी र कला संस्कृतिको क्षेत्रमा योगदान दिने व्यक्तिलाई सम्मान गरिएको थियो ।

त्यसैगरि कक्षा ८ र १० को परीक्षमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, विद्यालयलाई सम्मान गरिएको थियो भने जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा स्वर्ण पदक विजेता खेलाडीलाई व्यक्तिगत रूपमा रू १० हजार र छात्रा कबड्डीमा समूहमा स्वर्ण दिलाउने छात्राको समूहलाई रू २० हजारसहित सम्मानपत्रद्धारा सम्मान गरिएको छ । कार्यक्रममा गाउँपालिका अध्यक्ष बेगप्रसाद गर्बुजाले गाउँपालिकाले स्थापना दिवसको अवसरमा गाउँपालिकाको विभिन्न क्षेत्रमा योगदान दिने व्यक्तिलाई सम्मान गर्ने संस्कारको सुरूवात गरेको बताउँदै आगामी दिनमासमेत यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताउनुभयो । कार्यक्रममा नौमति पञ्चेबाजा, पुर्ख्यौली नाचसहित विविध सांस्कृतिक प्रस्तुति राखिएको थियो ।

# पर्वतमा यसवर्ष आलु उत्पादन वृद्धि हुने अनुमान

**पोखरापत्र संवाददाता**
पर्वत, २७ फागुन



आलु खेतीको क्षेत्रफल विस्तारसँगै अनुकूल मौसमका कारण यस वर्ष जिल्लामा आलु उत्पादन वृद्धि हुने अनुमान गरिएको छ ।

आलु उत्पादनमा जिल्लालाई आत्मनिर्भर बनाउने उद्देश्यले गत वर्षदेखि सुरु भएको खायन आलु विस्तार कार्यक्रमअन्तर्गत यही हिउँदमा एक हजार ४५० हेक्टर क्षेत्रफलमा आलुखेती गरिएको थियो ।

यस वर्ष प्रतिहेक्टर १५ मेट्रिक टनका दरले आलु उत्पादन हुने कृषि ज्ञान केन्द्रको अनुमान छ । जसअनुसार हिउँदमा मात्र करिब २२ हजार मेट्रिक टन आलु उत्पादन हुने कृषि ज्ञान केन्द्रका प्रमुख परशुराम अधिकारीले जानकारी दिनुभयो । सरदर प्रतिकेजी रु ४० का दरले किसानले आलु बिक्री गर्दा करिब रु ८७ करोड आम्दानी हुने अनुमान छ । जिल्लामा गत आर्थिक वर्ष २०८०/८१ मा एक हजार ३९० हेक्टर क्षेत्रफलमा आलुखेती गर्दा २० हजार ३३० मेट्रिक टन आलु उत्पादन भएको थियो । कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सोविता सुवेदीका अनुसार विभिन्न पकेट क्षेत्रमा ६१ वटा कृषक समूहलाई आलु उत्पादनमा रु एक करोड ४७ लाख अनुदान वितरण गरिएको छ । बीउ खरिदमा ७० प्रतिशत, यान्त्रिकीकरणमा ५० प्रतिशत, सिँचाइ पूर्वाधारमा ८५ प्रतिशत र बजारीकरण तथा 'प्याकेजिङ'मा ७५ प्रतिशत अनुदान दिइएको सूचना अधिकारी सुवेदीले बताउनुभयो । जलजला गाउँपालिकाका १६ कृषक समूहले आलु उत्पादनमा अनुदान लिएका छन् । अनुदान पाउन कम्तीमा कृषक समूहले ३० रोपनी बढी क्षेत्रफलमा सामूहिक आलुखेती गरेको हुनुपर्छ ।

मोदी गाउँपालिकाका–४, ५, ६, ७, ९ स्थित लेसपार, क्याङ, छापा, बाजुङलगायत करिब ४५० रोपनी क्षेत्रफलमा आठ कृषक समूहले खायन आलुखेती गरेका छन् । कुश्मा नगरपालिकाका आलु पकेट क्षेत्र पाङ, खुर्कोट, आर्थरलगायतमा २२५ रोपनी बढी क्षेत्रफलमा कृषकहरूले आलु गरिरहेका छन् । फलेवास नगरपालिकाको मुडिकुवा, शङ्करपोखरी, कुर्घा, लिमिठाना, चिर्दीखोलालगायतका किसानले २२० रोपनी क्षेत्रफलमा सामूहिक आलुखेती गरेका छन् ।

यसैगरी, दक्षिण पर्वतको पैयूँ गाउँपालिकाको हुवास क्षेत्र, महाशिला गाउँपालिकामा ६ वटा कृषक समूह आलुखेती गरिरहेका छन् । कृषि ज्ञान केन्द्र प्रमुख परशुराम अधिकारीले गत वर्षभन्दा यस वर्ष आलु उत्पादन वृद्धि हुने बताउनुभयो । हाल कृषकहरू आलु खन्ने चटारोमा रहेकाले अबको एक महिनापछि आलु उत्पादनको यकिन तथ्याङ्क प्राप्त हुने उहाँले बताउनुभयो ।

# साफ च्याम्पियनसिपको 'ड्र' सार्वजनिक

**रासस**
काठमाडौं, २७ फागुन

भारतमा आयोजना हुने साफ यु–१९ च्याम्पियनसिप फुटबल प्रतियोगितामा नेपाल र भारत एकै समूहमा परेका छन् ।

काठमाडौंको सोल्टी होटलमा मंगलबार आयोजित एक कार्यक्रम सार्वजनिक गरिएको 'ड्र' मा नेपाल समूह 'बी' मा परेको हो । नेपालको समूहमा भारतसँगै श्रीलङ्का छ ।

त्यस्तै समूह 'ए' मा माल्दिभ्स, भुटान र साविक विजेता बङ्गलादेश छन् । यस प्रतियोगितामा पाकिस्तान भने सहभागी हुने छैन । भारतको अञ्चल प्रदेशमा हुने उत्त प्रतियोगिता अगामी मे ९ देखि १८ तारिखसम्म हुने तय भएको छ ।


Free On-line English Course
REGISTER TODAY
on
www.worldenglishinstitute.org
Free English Classes at Lakeside Pokhara
with experienced American teachers,
Call on 9826139023
for more information


# आँखा अस्पताललाई उपकरण सहयोग

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ फागुन

धवलागिरि आँखा अस्पताललाई आवश्यक पर्ने उपकरण तथा स्वास्थ्य सामग्री प्रदान गरिएको छ ।

लायन्स क्लब इन्टरनेशनल (डिस्ट्रिक ३२५ के)ले आँखा अस्पताललाई आँखा उपचारमा सहयोग पुऱ्याउन रु ८० लाख बराबरको उपकरण तथा स्वास्थ्य सामग्री प्रदान गरिएको लायन्स क्लब इन्टरनेशनल ३२५ नेपालका पूर्वगभर्नर राजेन्द्र बाटाजुले जानकारी दिनुभयो । धवलागिरि आँखा अस्पतालमा आँखाको उपचार गर्न आउने बिरामीलाई काठमाडौं तथा पोखराको जस्तो स्वास्थ सेवा दिने उद्देश्यले आँखा उपचारमा सहयोग पुऱ्याउन उक्त उपकरण सहयोग गरिएको छ । अहिले प्राप्त भएको अटो टाइपको मेसिनबाट अस्पतालमै सहज र सुरक्षित अनि छिटो आँखाको उपचार गर्न सहज हुने धवलागिरी आँखा अस्पतालका नेत्र सहायक बिनम लामिछानेले जानकारी दिनुभयो ।

रु ८० लाखबराबरको आँखाको क्षमता परीक्षण गर्ने अत्याधुनिक उपकरण, आँखाको शल्यक्रिया गर्ने उपकरण, फेको प्रविधिका अन्य सामग्री तथा आँखा उपचारमा सघाउने स्वास्थ्य सामग्री तथा उपकरण सहयोग प्राप्त भएको हो ।

उक्त उपकरण खरिदमा लागेको ३० प्रतिशत रकम बागलुङ नगरपालिका र धवलागिरि आँखा अस्पतालको साझेदारीमा संयुक्त लगानी गरिएको हो । अस्पतालमा दैनिक ३० जना आँखाका बिरामी आउने गरेका छन् । पछिल्लो समय मोबाइल तथा कम्प्युटरजस्ता विद्युतीय उपकरणको प्रयोगबाट आँखामा समस्या आउन थालेपछि बिरामीको सङ्ख्या बढ्दै गएका छन् ।


HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दती गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI0610000245 | वसन्त बराल | पोखरा–१५, कास्की |

# ऊनबाट आम्दानी खोजिरहेका आमा

**रासस**
बागलुङ, २७ फागुन



बागलुङको निसी, भुजी र तमान क्षेत्रका अधिकांश स्थानीय पुस्तौँदेखि भेडापालनमा सक्रिय छन् । पहाडी भेग भएकाले पशुपालनमा रमाइरहेका यहाँका स्थानीय किसान पछिल्लो समय भेडाको मासुसँगै ऊनको समेत उपयोगमा लाग्न थालेका हुन् ।

निसीखोला गाउँपालिका-५ पुतली बजारकी ५७ वर्षीया पुनीकला घर्तिमगरको दैनिकी आजभोलि फेरिएको छ । पुतली बजारमा चलिरहेको ऊनको धागो बनाउने र कपडा तयार गर्ने तालिममा उहाँको दिन बित्छ । बिहान-बेलुका घरको काम सकेर १० नबज्दै उहाँ पुतली बजार पुग्नुहुन्छ । गाउँबाट सङ्कलन गरेको भेडाको ऊनलाई सफा गर्ने, कोर्ने, बाँट्नेदेखि तानमा कपडा बनाउनेसम्मका काम उहाँले सिकिरहनुभएको छ । पुनले सानो छँदा गाउँमा ऊनका कपडा बनाउनुहुन्थ्यो । उहाँको बाल्यकाल गाउँमै बनेका ऊनका कपडा लगाएर बित्यो । बिस्तारै विश्व बजारका कपडा गाउँ पुगे । ऊनका कपडा बनाउने काम छाड्दै गए । "हिजोआज ऊनको कपडा खस्रो हुन्छ भनेर लाउनै छोडे, बनाउनेले पनि छाडे", पुनिकला भन्नुहुन्छ, "बजारतिर उनका कपडा खोजी हुन्छ भन्ने सुनेको छु, पहिला सिकिएन, बूढेसकालमा भए पनि दिन कटाउने बाटो होला भनेर ऊनका कपडा बनाउन सिकिरहेको छु", उहाँले भन्नुभयो ।

परम्परागत रूपमा भेडाको ऊनबाट बनेका कपडाको बिक्री वितरण बिस्तारै सेलाउन थालेपछि यहाँका महिला समूहमा आबद्ध भएर भेडाको ऊनबाट तयारी सामग्री बनाउन सिक्दैछन् । जिल्लाको निसीखोला गाउँपालिका र ढोरपाटन नगरपालिकामा सञ्चालन गरिरहेको दिगो पर्यटन परियोजनाले उनीहरूलाई तालिमको व्यवस्था गरेको छ । रुकुमको टकसेराबाट आएका महिला प्रशिक्षकले निसीखोलाको पुतली बजारमा १३ र ढोरपाटनको सुपुर्दुङमा १३ महिलालाई ऊन निकाल्नेदेखि कपडा तयार गर्नेसम्मको काम सिकाइरहेका छन् । "खेर गइरहेको ऊनलाई प्रयोगमा ल्याउन सके आम्दानी गरौँला, नभए घरको काम त चल्छ", ढोरपाटन-९ सुपुर्दुङकी २१ वर्षीया आशा घर्तिमगरले भन्नुभयो, "पहिलाभन्दा अहिले प्रविधिले सजिलो बनाएको छ, बजार पनि उनका कपडाको राम्रो छ भनेका छन् ।" गाउँमा खस्रो कपडा भनेर प्रयोगमा आउन छाडेको ऊनका कपडा दशक अगाडिसम्म गोठालाले बढी प्रयोग गर्ने गरेकामा अहिले विदेशमा पुग्ने गरेको छ । भेडाको ऊनबाट बन्ने काम्लो, बख्खु, घुमलगायत कपडाले घामपानी छेक्ने, वर्षौं टिक्ने र न्यानो हुने उनीहरू बताउँछन् ।

कम्बल, बख्खु, घुमलाई गोठालाको कपडा भन्ने गरिन्छ । ढोरपाटन र निसीखोलामा एउटै परिवारले रु ५०० देखि रु एक हजार ५०० सम्म भेडाबाख्रा पाल्ने गरेका छन् ।

ती भेडाबाट प्रत्येक वर्ष निकाल्न सकिने ऊनको प्रयोगमार्फत महिलालाई आयआर्जनसँग जोड्नेगरी सीपमूलक तालिम सञ्चालन गरिएको दिगो पर्यटन परियोजनाका समूह संयोजक अमर थापाले बताउनुभयो । मासु स्थानीयस्तरमा बिक्री हुने र ऊनको पनि स्थानीय तथा विदेशी बजारमा समेत निर्यात गर्नेगरी उत्पादनमा प्रेरित गरिने उहाँले बताउनुभयो । एउटा काम्लो, हापदुला बुन्न समय बढी लाग्छ । एउटा ऊनको कपडाको मूल्य न्यूनतम रु १५ हजारदेखि रु ६० हजारसम्म पर्छ ।

महिलाहरूलाई तालिमका लागि प्रशिक्षक, आवश्यक उपकरण, ऊन र खाजा खानाको व्यवस्था परियोजनाले मिलाएको छ । तालिमपछि तयार हुने सामग्रीको बजारीकरणमा महिलाहरूले समूह बनाउने बताउँछन् । ऊनको प्रयोग नभएकाले चरीचरण क्षेत्रमा नै किसानले ऊन निकालेर फाल्ने गरेकामा स्थानीय महिलाको सक्रियताले ऊनको प्रयोग बढ्ने प्रशिक्षक रमी बुढा मगरले बताउनुभयो । उनीहरूले किसानबाट सेतो ऊन प्रतिकिलो रु ५० र कालो ऊन प्रतिकिलो रु १०० मा खरिद गर्ने गरेका छन् । बजारमा कालो ऊनको तयारी कपडा सेतो र खैरो ऊनको भन्दा दोब्बर पर्छ ।

# तातोपानीमा स्नानका लागि नयाँ पोखरी सञ्चालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ फागुन



बेनी नगरपालिका-४ मा रहेको सिङ्गा तातोपानी कुण्डमा नयाँ पोखरी निर्माण र सञ्चालन गरी स्नानस्थलको क्षमता विस्तार गरिएको छ ।

तातोपानी कुण्ड व्यवस्थापन समितिले उपल्लो तातोपानी बजारको नजिकै सार्वजनिक जग्गामा नयाँ पोखरी निर्माण गरेर स्नानस्थलको क्षमता बढाएको हो । समितिका सचिव अमरबहादुर केसीले तातोपानी स्नान गरेर उपचारमा आउनेहरूको चाप बढेपछि निर्माण गरिएको पोखरी परीक्षणका लागि सञ्चालनमा ल्याइएको जानकारी दिनुभयो । "म्याग्दी नदीको किनारमा रहेको मुहानबाट तातोपानीलाई पम्पिङ गरेर स्नानका लागि पानी सङ्कलन गर्न निर्माण भएको नयाँ पोखरी सञ्चालनमा ल्याइएको छ", उहाँले भन्नुभयो, "कुण्डमा स्नानका लागि आउनेहरूले तिर्ने प्रवेश शुल्कले निर्माण सामग्री खरिद, मजदुरको ज्याला व्यवस्थापन र श्रमदान जुटाएर नयाँ स्नानस्थल बनाएका हौँ ।" यस्तै १५/१५ फिट लम्बाइ चौडाइ र दुई दशमलव पाँच फिट उचाइ भएको पोखरीमा एक पटकमा ८० जनाले स्नान गर्नसक्ने क्षमता रहेको सचिव केसीले बताउनुभयो ।

हालको तातोपानी स्नानस्थलभन्दा केही माथि म्याग्दी नदीको किनारमा बिरेनुनको गन्धमा ५० डिग्री सेल्सियस तातोपानी निस्कने मुहान छ । उक्त मुहानको पानीलाई विद्युतीय उपकरणको सहायताले पोखरीमा पुऱ्याउने संरचना निर्माण भएको छ । स्नानस्थल नजिकै सार्वजनिक शौचालय बनाइएको छ । ढल व्यवस्थापनका लागि नाली निर्माण गर्न बाँकी छ ।

सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्ण खड्काका अनुसार तातोपानीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, बाथ, चोटपटक लागेको समस्या निको हुने गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा नेपालका ५९ जिल्ला, भारत, रसिया, फ्रान्स र जापानका ४४ हजार जनाले तातोपानी स्नान गरेका समितिको तथ्याङ्क छ । रु ३५० का दरले शुल्क तिरेर सातदेखि १० दिनसम्म स्नान गर्न पाइन्छ । छोटो अवधिमा स्नान गर्नेहरूका लागि प्रतिपटक रु १०० शुल्क तोकिएको छ । हाल बिरामी र पर्यटक तथा पाहुनाका लागि स्नान गर्न दुईवटा फरक-फरक पोखरी छन् । भ्रमण गर्न आउने र जाडो याममा स्नान गर्नेहरूको मङ्सिरदेखि फागुन-चैतसम्म घुइँचो लाग्ने गर्छ । ठूलो पोखरीमा एकपटकमा ३०० जनाले स्नान गर्नसक्ने क्षमता छ । पाहुनाको चाप बढेकाले दुई/दुई घण्टाका दरले तीनवटा समूह बनाएर स्नानको व्यवस्था मिलाइएको छ । हाल दैनिक एक हजार जनाले तातोपानी कुण्डमा स्नान गरिरहेका तातोपानी कुण्ड व्यवस्थापन समितिका कर्मचारी रेशम कार्कीले बताउनुभयो ।

प्रवेश शूल्कको १३ प्रतिशत सरकारलाई कर र २५ प्रतिशत नगरपालिकालाई बुझाउने गरिएको छ । प्रवेश शुल्क र चन्दा सहयोगबाट कुण्डका कर्मचारीको तलबभत्ता, भौतिक पूर्वाधार निर्माण, सामाजिक कामका साथै तातोपानीमा रहेको सरस्वती माविका पाँच निजी स्रोतका शिक्षकको तबलभत्तामा खर्च गरिँदै आएको छ ।

# बिजीएन किचेन एण्ड इलेक्ट्रोनीक्स पोखराको हरिचोकमा संचालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन




पोखराको प्रतिष्ठित व्यवसायीक संस्था बिजीएन ग्रुप प्रालिले पोखरा महानगरपालिकाको वडानम्बर १ मा बिजीएन किचेन एण्ड इलेक्ट्रोनीक्सको नयाँ आउटलेट संचालनमा ल्याएको छ ।

बिजीएन ग्रुपलले पोखरा-बागलुङ राजमार्गको तथा कोरला नाकाको प्रवेश बिन्दु पोखरा हरिचोकमा नयाँ आउटलेट संचालनमा ल्याएको हो । कम्पनीले आफ्ना ग्राहकहरुलाई प्रत्यक्ष र सहज रुपमा सेवा उपलब्ध गराउने उद्देश्यले आउटलेट संचालनमा ल्याएको जनाएको छ । कम्पनीका प्रबन्ध संचालक बालाकृष्ण कोइरालाले आफ्नै भवनमा घरयासी प्रयोजनका बस्तु बिक्री सुरु गरिएको जानकारी दिए । ग्रुपले भौतिक पूर्वाधार निर्माण क्षेत्रमा कार्य गर्दै आएको थियो, काइरालाले भने, अहिले उपभोक्ताको आवश्यकता र मागलाई मध्यनजर गर्दै किचेन एण्ड इलेक्ट्रोनीक्सको नयाँ आउटलेट संचालनमा ल्याएका हौं । हरिचोकदेखी याम्दी सम्मको सडक स्तरोन्तीको काम र आर्थिक मन्दीले समेत चुनौती थपिरहेको सन्र्दभमा उक्त क्षेत्रको व्यवसायलाई चलायमान बनाउन चुनौती रहे पनि गुणस्तरीय बस्तु शुलभ मुल्यमा उपभोक्ताको भान्सामा पुर्याउने उदेश्यले व्यवसाय संचालनमा ल्याइएको प्रबन्ध संचालक कोइरालाले बताए । सुरुवाती चरणमा २ करोडको लागतमा बिजीएन किचेन एण्ड इलेक्ट्रोनीक्स संचालनमा आएको कोइरालाले बताए । सबै प्रकारका किचेन र इलेक्ट्रोनिक्स सामाग्री उपभोक्ताले खरिद गर्न सक्ने छन् ।

भान्सामा प्रयोग हुने ग्यासदेखी हिटर, पानी तताउने वाटर डिस्पेन्सर, वासिङमेसिन, गिजर, इलेक्ट्रीक भाडाकुडा साथै होटल तथा प्रतिष्ठानहरुका लागि आवश्यक बिजीएन किचेन र इलेक्ट्रोनीक्सका सम्पूर्ण सामाग्री उपलब्ध हुने कोइरालाले बताए ।

ग्राहकका लागि बिक्री खुल्ला भइसकेको भए पनि यही फागुन २८ गते नयाँ आउटलेटको औपचारीक उद्याटन हुने संचालक रामकृष्ण कोइरालाले जानकारी दिए । गण्डकी प्रदेशका सामाजिक विकास तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले उद्याटन गर्ने कार्यक्रम तय भएको उनले बताए । उद्याटनको अवसरमा १० प्रतिशत छुटको समय सुविधा रहेको कोइरालाले बताए । बिजीएन ग्रुप निर्माणको क्षेत्रमा उत्कृष्ट कर्य गर्दै आएको कम्पनी हो । जस अर्न्तगत भक्तगौरी निर्माण प्रालि, बिजीएन ट्रेडर्स (मोटर पार्टस), बिजीएन निर्माण प्रालि संचालनमा छन् । कम्पनीका प्रबन्ध निर्देशक कोइराला हेवि इक्वीपमेन्टका संघको केन्द्रीय सदस्य र कास्की जिल्ला अध्यक्ष हुन् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २० कालीखोला झोलुङ्गे पुल निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः कालीखोला सेतीदोभान झोलुङ्गे पुल
ठेगानाः पोखरा-२०, कालीखोला सेतीदोभान
योजना सम्झौता मितिः २०८१/०२/२२ गते
योजना शुरु मितिः २०८१/०४/२९ गते
योजना सम्पन्न भएको मितिः २०८१/११/१३ गते
योजनाको कुल लागतः रु.५१,४६, १६६।-
उपभोक्ता समितिले सम्झौता गरेको रकम : रु.२९,३३,६४९।-
पोखरा महानगरपालिकाबाट सामान खरिदः रु. २१,०७,८५५।-
जनसहभागिताबाटः रु.१,०४,६३२।-
अध्यक्षः भिमप्रसाद बास्तोला
उपभोक्ता समिति सदस्य संख्याः ११
महिलाः ६, पुरुषः ५

**कालीखोला सेतीदोभान झोलुङ्गे पुल**
**उपभोक्ता समिति पोखरा-२०, कालीखोला सेतीदोभान**


# समाजवादी मोर्चाले नागरिक समाजसँग अन्तर्क्रिया र जनप्रदर्शन गर्ने

**रासस**
काठमाडौँ, २७ फागुन

समाजवादी मोर्चा नेपालले पछिल्लो विकासित राजनीतिक घटनाक्रमबारे नागरिक समाज, बुद्धिजीवी, विभिन्न पेसामा आबद्ध व्यक्तित्वसँग बृहत् अन्तर्क्रिया गर्ने भएको छ ।

आलोकनगरस्थित नेकपा (एकीकृत समाजवादी)को केन्द्रीय कार्यालयमा मंगलबार बसेको मोर्चाको बैठकले प्रतिगामी शक्तिविरुद्ध कसरी एकताबद्ध भएर अगाडि बढ्न सकिन्छ भन्नेबारे सुझाव सङ्कलन गर्न आगामी चैत १ गते अन्तर्क्रिया गर्ने निर्णय गरेको नेता खड्गबहादुर विश्वकर्माले जानकारी दिनुभयो । मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि सबै परिवर्तनकारी लोकतान्त्रिक शक्तिसँग सहकार्य गर्ने विषयमा छलफल गरिएको र बैठकमा गणतन्त्रात्मक व्यवस्थालाई थप समुन्नत र सुदृढ गर्ने विषयमा समीक्षा गरिएको उहाँले बताउनुभयो । बैठकमा यही फागुन २५ गते राजावादीहरूले गरेको प्रदर्शन, पार्टीका गतिविधिहरूबारे छलफल गरिएको र मोर्चाले निर्माण गर्ने कार्ययोजना चैत १ गते पत्रकार सम्मेलनमार्फत जानकारी दिनेसमेत निर्णय गरिएको छ । मोर्चाले विभिन्न राजनीतिक गतिविधि सञ्चालन गर्न जनपरिचालन कार्ययोजनामा तथा समसामयिक राजनीति तथा अन्तरराष्ट्रिय राजनीतिक परिस्थितिबारे समीक्षा गरेको पनि नेता विश्वकर्माले जानकारी दिनुभयो । बैठकले आगामी चैत १५ गते काठमाडौँमा गणतन्त्र रक्षाका लागि विशाल प्रदर्शन तथा आमसभा गर्ने निर्णयसमेत गरेको छ ।


**रक्तदान जीवनदान**



## हिमाल बचत तथा ऋण सहकारी संस्था लि. वालिङ-१३, स्याङ्जाको धितो लिलामी हुने बारेको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/११/२८ गते बुधबार**

तपशिलमा उल्लेखित शेयर सदस्यले यस संस्थाबाट उपभोग गरेको कर्जाको साँवा, व्याज र हर्जना रकम कर्जा लिँदा गरी दिएको लिखत र कर्जा स्वीकृती पत्रको शर्तमा तोकिए बमोजिम संस्थालाई तिर्नु बुझाउनु पर्नेमा नबुझाई साँवा, व्याज समेतका रकमहरु तिर्न बुझाउन पटक-पटक मौखिक एवम् लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई संस्थासँग भएको कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेकोले मिति २०८०/०४/३१ मा पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको, २०८०/०८/१२ को पोखरापत्रमा लिलामीको सूचना पश्चात ऋणीको लिलामी रोक्ने निवेदन, कबुलियतनामा अनुसार लिलामी रोकिएकोमा सो समेत वास्ता नगरी कर्जा दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुँदा सहकारी ऐन २०७४ परिच्छेद १४ दफा ७९ तथा सहकारी नियमावली २०७५ को परिच्छेद ८ दफा ३०, गण्डकी प्रदेश सहकारी नियमावली २०७६ को दफा २३ र यस संस्थाको विनियम, ऋण नीति अनुसार यस संस्थालाई सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो सुरक्षण सम्पती लिलाम बिक्री गरी संस्थाको लिनुपर्ने रकम असुल उपर गर्नुपर्ने भएकोले यो ३५ दिने धितो लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ । तल उल्लेखित लिलामी हुने सम्पती योग्य शिलबन्दी बोलपत्रद्धारा खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म तथा व्याक्तिले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफुले कबुल गरेको रकम सहितको गोप्य शिलबन्दी पत्र पेश गर्नुहुन अनुरोध गरिन्छ । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४ को दफा ७९ उपदफा ६ र सहकारी नियमावली २०७५ को दफा ३५, बमोजिम धितो सुरक्षण सम्पती संस्था आफैले सकार गरी लिन सक्ने छ । धितो लेखी दिएको सम्पती लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गरी लिदा मेरो/हाम्रो सम्पती कम मूल्यमा बिक्री भयो वा संस्थाले लियो भनी कहीं कतै उजुर बाजुर गर्न पाइने छैन । साथै सुरक्षणमा रहेको धितो सम्पती लिलाम गर्दा समेत यस संस्थाले लिनुपर्ने रकम अशुल नभएको अवस्थामा सम्बन्धित ऋणी र जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरी लिने र ऋणी र जमानीकर्तालाई सहकारी ऐन २०७४ दफा ८० र प्रचलित कानुन बमोजिम कालो सूचीमा नाम समाबेस गर्ने प्रकृयामा पठाइने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । धितो लिलाम हुने कर्जाग्राही सदस्यलाई लिलाम हुने स्थान यसै संस्थाको कार्यालयमा उपस्थित हुन यसै सूचनाबाट सूचित गरिन्छ ।

| क्र. सं. | ऋणीको नाम थर | जमानीको विवरण | संस्थाले २०८२/०१/०२ सम्म लिनुपर्ने साँवा, व्याज रकम | लिलामहुने धितोको विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | ठेगानाः | कित्ता नं. | क्षेत्रफल |
| १ | नामः मनकुमारी वि.क.<br>ना.प्र.नं.: ४२३०४५/७७<br>जारी जिल्ला स्याङ्जा,<br>जारी मितिः २०६३/१०/२३<br>पतिको नामः मित्रलाल वि.क.<br>ससुराको नामः जागेश्वर | नामः मित्रलाल वि.क.<br>ना.प्र.नं.: १७८६६<br>जारी जिल्लाः स्याङ्जा<br>जारी मितिः २०५१/०१/३०<br>बाबुको नामः जागेश्वर वि.क.<br>बाजेको नामः बलिराम वि.क. | २२,०१,४३३/-<br>(बाइस लाख एक हजार चार सय तेत्तिस) मात्र | थुमपोखरा-२ स्याङ्जा | २९७५<br>३१७८ | ०-०-२-१<br>०-४-२-० |

हिमाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Himal Saving & Credit Co-Operative Ltd.
वालिङ न.पा.-१३ झलुङ्गेबजार, स्याङ्जा